# स्थानीय राजपत्र

## खैरहनी नगरपालिकाद्वारा प्रकाशित


## खण्ड (६) चितवन, असोज ०६, २०७९ साल अंक ४

## भाग ३


**खैरहनी नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ |**

**संवत् २०७९ को कार्यविधि नं. ४**

### उच्च शिक्षा छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावना :** कार्यपालिका पारित मिति : - २०७९/०५/३०

उच्च शिक्षालाई गुणस्तरीय तथा प्रभावकारी ढंगबाट अध्ययन अध्यापनको लागि खैरहनी नगरपालिकामा भित्रका सार्वजिनक कलेज वा क्याम्पसमा अध्ययनरत थारु, दलित, अपाङ्ग, अल्पसंख्यक तथा अति विपन्न परिवार भित्रका आर्थिक अवस्था कमजोर भएका छात्राहरुको शिक्षामा समान पहुँच कायम गर्न उक्त समूहका छात्राहरुलाई स्नातक तह सम्मको अध्ययन गर्न सहयोग पुग्ने गरी नगरपालिकामा एक छात्रवृत्ति कोषको स्थापना गर्ने र नियमानुसार छात्रवृत्ति कार्यक्रममा परेका छात्राहरु बाहेक उक्त समूहका अन्य छात्राहरुलाई सार्वजनिक क्याम्पसमा भर्ना भई उच्च शिक्षासम्मको अध्ययन पुरा गराउन

अध्ययनमा लाग्ने रकम छात्रवृत्ति कोषबाट विद्यार्थीहरुलाई उपलव्ध गराउने गरी छात्रवृत्ति कोष सञ्चालन सम्बन्धी कार्यविधि निर्माण गरी आ.व. २०७९।८० देखि कार्य सञ्चालन प्रक्रिया अगाडी बढाउन र छात्रवृत्ति प्राप्तगर्ने व्यवस्थालाई पारदर्शी वनाउन आवश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१)ले दिएको अधिकार प्रयोग गरी खैरहनी नगरपालिका नगर कार्यपालिकाले उच्च शिक्षा छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७९ निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो कार्यविधिको नाम " उच्च शिक्षा छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ ।

१.२ यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

१.३ यो कार्यविधि खैरहनी नगरपालिकाको हकमा मात्र लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क."नगरपालिका" भन्नाले खैरहनी नगरपालिकालाई जनाउँछ ।

ख. "नगर प्रमुख" भन्नाले खैरहनी नगरपालिकाको नगर प्रमुखलाई जनाउँछ ।

ग. "नगर उप प्रमुख" भन्नाले खैरहनी नगरपालिकाको नगर उप प्रमुखलाई जनाउँछ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खैरहनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

ङ. "छात्रवृत्ति" भन्नाले उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरुमध्ये यसै कार्यविधिले तोके अनुसार छनौट भएका विद्यार्थीहरुलाई नगरपालिकाबाट उपलव्ध गराउने पूर्ण वा आंशिक छात्रवृत्ति मा अध्ययन गर्नको लागि प्रदान गर्ने सुविधालाई जनाउँछ ।

च. "समिति" भन्नाले नगरपालिका स्तरीय छात्रवृत्ति व्यवस्थापन समितिलाई जनाउँछ ।

ज. "उच्च शिक्षा" भन्नाले स्नातक तहसम्म दिइने शिक्षा सम्झनु पर्दछ ।

झ. "सार्वजनिक क्याम्पस" भन्नाले सार्वजनिक क्याम्पसको रुपमा अनुमति लिई सञ्चालनमा रहेको संस्था लाई जनाउदछ ।

**३. नगर स्तरीय छात्रवृत्ति व्यवस्थापन समित गठन,काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्थाः**

**१. देहायका सदस्यहरु रहेको एक छात्रवृत्ति व्यवस्थापन समितिको गठन हुनेछ ।**

| | |
|---|---|
| (क) नगर प्रमुख | -अध्यक्ष |
| (ख) नगर उप प्रमुख | -सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) सामाजिक विकास समितिको संयोजक | -सदस्य |
| (ङ) नगर शिक्षा अधिकारी | -सदस्य सचिव |

**२. समितिको वैठक सम्वन्धी व्यवस्थाः** समितिको वैठक आवश्यक्ता अनुसार वस्नेछ । समितिले शिक्षा क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ । वैठक सञ्चालन सम्वन्धी कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

**३. समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः**

(क) सार्वजनिक कलेज वा क्याम्पसमा अध्ययनरत थारु, दलित, अपाङ्ग, अल्पसंख्यक तथा अति विपन्न परिवार भित्रका आर्थिक अवस्था कमजोर भएका छात्राहरुको तथ्याङ्क संकलन गर्ने ।

(ख) समितिद्धारा निर्धारण भएको छात्रवृत्ति कोटामा आवेदन दिन सूचना प्रकाशन गर्ने ।

(ग) वडा कार्यालयले दिएको सिफारीश समेतको आधारमा आवेदकहरुको सूचि तयार गरी छात्रवृत्ति पाउने विद्यार्थीहरुको नामावली सार्वजनिक गर्ने ।

(घ) संस्थालाई उपलव्ध गराइने छात्रवृत्तिका सम्वन्धमा विद्यार्थी अध्ययन गर्ने संस्थासंग समितिले छलफल गर्ने र कायम गरिने कोटा र उपलव्ध गराइने रकम निर्धारण गरी सम्झौता गरेर छात्रवृत्ति वापतको रकम संस्थालाई उपलव्ध गराउने ।

(ङ) छात्रवृत्ति कोटामा अध्ययनरत विद्यार्थीले प्राप्त गरेको वार्षिक परीक्षाको नतिजाको आधारमा आगामी कक्षाको लागि निरन्तरताको विषयमा आवश्यक निर्णय लिने ।

(च) छात्रवृत्ति व्यवस्थापन सम्वन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(छ) समावेशिताको आधारमा छात्रवृत्ति वितरणको व्यवस्था मिलाउने ।

**<u>४. छात्रवृत्ति कोटा निर्धारण र छनौट सम्वन्धी व्यवस्थाः</u>**

(क) समितिले निर्धारण गरे अनुसार छात्रवृत्ति कोटा निर्धारण हुने ।

(ख) निर्धारण गरिएको कोटा भित्र रही विद्यार्थीहरुले आवेदन पेश गर्नु पर्ने ।

(ग) निर्धारीत कोटा अनुसार छनौट भएका विद्यार्थीहरुको नाम नामेसी सहितको विवरण नगरपालिकाबाट विद्यार्थी अध्ययनरत संस्थामा पठाउनु पर्ने ।

(घ) विद्यार्थीले छात्रवृत्तिको लागि दिने निवेदनको ढाँचा अनसूचि-१ वमोजिम हुनेछ ।

(ङ) निवेदन साथ अनसूचि-२ वमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

**<u>५. छात्रवृत्ति कोष सम्बन्धी व्यवस्थाः</u>**

१. छात्रवृत्ति वितरणको लागि नगरपालिकामा छुट्टै छात्रवृत्ति कोष स्थापना गरिनेछ । उक्त कोषमा नगरपालिका बाट एकमुष्ट रुपमा उपलव्ध गराइएको रकम र वार्षिक रुपमा उपलव्ध गराउने रकम जम्मा हुनेछ । कोषमा जम्मा भएको रकम छात्रवृत्तिका कार्यक्रममा छनौट भएका विद्यार्थीहरुको लागि समितिले निर्धारण गरे अनुसार भुक्तानी गरिनेछ । साथै यस कोषबाट खर्च भई बाँकी रहेको रकमलाई पछिल्लो आर्थिक वर्षमा निरन्तरता दिइनेछ । उक्त कोषको सञ्चालन नगरपालिकाको आर्थिक कारोवार सञ्चालन प्रक्रिया अनुसार हुनेछ ।

**<u>६. वाधा अडकाउ सम्वन्धी व्यवस्थाः</u>**

१. यस कार्यविधिमा कार्यसम्पादन गर्दा कुनै वाधा अडकाउ पर्न आएमा समितिले निर्णय गरे अनुसार हुनेछ ।

२. यस अनुसूचिमा लेखिएको विषयवस्तुको अतिरिक्त अन्य विषयहरु थपगर्न आवश्यक देखिएमा समितिले थप तथा हेरफेर गर्न सक्नेछ ।

३. यस कार्यविधिमा नगर कार्यपालिकाले आवश्यक्ता अनुसार संसोधन गर्न सक्नेछ ।

## अनुसूचि-१
## (विद्यार्थीले आवेदन दिने ढाँचा)

१. विद्यार्थीको नामः

२. विद्यार्थीको हाल बसोवास गर्दै आएको ठेगानाः क) प्रदेशः बागमती ख) जिल्लाः चितवन
ग) स्थानीय तहको नामः खैरहनी नगरपालिका
घ) वडा नः ङ) गाउँ/टोलः

३. अभिभावकको नाम थरः
क) वावुको नाम थरः ख) पेशाः
ग) आमाको नाम थरः घ) पेशाः

४. विद्यार्थी वा निजको अभिभावकको मोवाइल नम्वरः

५. अघिल्लो कक्षाको उत्तीर्ण प्रतिशत वा जिपिएः

६. एकाघर सगोलमा रहेको परिवारको कुनै सदस्यको पेशा, व्यवशाय वा नोकरी भए वा नभएकोः

७. गरिवी परिवार परिचय पत्र भए वा नभएकोः

८. छात्रवृत्ति लिन चाहेको किसिमः
क) पूर्ण छात्रवृत्ति ख) आंशिक छात्रवृत्ति

९. विद्यार्थीको परिवारको अनुमानित वार्षिक आयः

मथि उल्लेखित व्यहोरा ठीक साँचो छन, फरक परे कानून बमोजिम सहुँला, वुझाउँला। इति सम्वत २०..... साल ...............महिना..........गते रोज.......शुभम ।

आवेदकको दस्तखतः मितिः

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र

## अनुसूचि–२
## (आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुको विवरण)

१. अघिल्लो कक्षा उत्तीर्ण गरेको लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्रको प्रतिलिपि,

२. जनजाति दलितको हकमा सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयको सिफारीशको प्रतिलिपि,

३. विपन्नता वा गरिवीको हकमा गरिवी परिचय पत्रको प्रतिलिपि

४. थारु, दलित, अपाङ्ग, अल्पसंख्यक तथा अति विपन्न परिवारका छात्राहरुमा आर्थिक अवस्था कमजोर भएको

छात्राहरुलाई छात्रवृत्तिकोलागि वडा कार्यालयबाट गरिदिएको सिफारीश पत्र,

५. अपाङ्गताको हकमा अपाङ्ग परिचय पत्रको प्रतिलिपि ।

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र